नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

यातायात व्यवस्था विभाग

मिनभवन, काठमाडौं

सार्वजनिक भाडाका यात्रुवाहक, मालवाहक सवारी साधन (ट्रक) एवं मिटर जडित ट्याक्सीको भाडादर समायोजन गरिएको बारे यातायात व्यवस्था विभागको अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०७५।०६।०७

विगतमा सार्वजनिक सवारी साधनको भाडादर निर्धारण गर्दा ईन्धनको अंश ३५% र अन्य सूचकहरुको अंश ६५% मानी भाडादर निर्धारण भएको सर्वविदितै छ । यही क्रममा मिति २०७२।१०।२५ मा सार्वजनिक यातायातका सवारी साधनहरुको भाडादर समायोजन गर्दा पट्रोलको प्रतिलिटर मूल्य रु. ९९।००, डिजेलको मूल्य रु. ७५।०० कायम भएकोमा वर्तमान अवस्थामा पेट्रोलको प्रति लिटर मूल्य रु. ११४।०० र डिजेलको प्रतिलिटर मूल्य रु. १०१।०० कायम भएको छ । भाडा निर्धारणका अन्य सूचकलाई यथावत राखी Calculation Chart मा ईन्धनको सूचकलाई मात्र हालको मूल्यको आधार लिई हाल प्रचलनमा रहेको भाडादरमा १० प्रतिशतका दरले वृद्धि गरी समायोजन गर्ने गरी मिति २०७५।०६।०७ मा निर्णय भएकोले आजकै मितिदेखि लागू हुने गरी भाडादर समायोजन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. विद्यार्थी सहुलियत सम्बन्धमा विगतकै सहमति बमोजिम सहुलियत उपलब्ध गराउने र विद्यार्थी परिचयपत्रलाई आधुनिक प्रविधि अनुरुप बनाई नक्कली परिचयपत्र प्रयोग हुन नदिने ।

२. यसको अनुगमन प्रभावकारी बनाउन नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ र उपभोक्तासँग सरोकार राख्ने संघसंस्थाको प्रतिनिधि सम्मिलित अनुगमन टोलीले तत्काल अनुगमन थालनी गर्ने ।

३. काठमाडौं उपत्यका तथा स्थानीय रुटमा निम्न बमोजिम भाडादर कायम गर्ने ।

दुरी	मिति २०७२।०५।२४ मा Round off पूर्वको भाडादर	मिति २०७२/१०/२४ मा कायम भाडादर	Round off हुनु पूर्वको भाडादर	हाल कायम गरिएको भाडादर (२०७५।०६।०७)
०देखि४कि.मि.सम्म	13.07	१३.००	१४.३८	१४.००
०देखि५कि.मि.सम्म	14.94	१५.००	१६.४३	१६.००
०देखि६कि.मि.सम्म	15.86	१६.००	१७.४५	१७.००
०देखि८कि.मि.सम्म	16.79	१७.००	१८.४७	१८.००
०देखि१०कि.मि.सम्म	18.66	१९.००	२०.५३	२१.००
०देखि१३कि.मि.सम्म	20.53	२१.००	२२.५८	२३.००
०देखि१६कि.मि.सम्म	22.39	२२.००	२४.६३	२५.००
०देखि१९कि.मि.सम्म	23.33	२३.००	२५.६६	२६.००
०देखि१९कि.मि.भन्दामाथि	24.27	२४.००	२६.७०	२७.००

४. हाल भाडादर समायोजन गर्दा डिजेलको प्रतिलिटर मूल्य रु. १०१।०० र पेट्रोलको प्रतिलिटर मूल्य रु. ११४।०० को आधारमा गरिएकोले यस पछिको भाडा समायोजन ईन्धनको मूल्यमा रु.५।०० (पाँच) भन्दा बढीले घटबढ भए पश्चात् गरिने छ ।

५. भाडादर र रुट सम्बन्धी विस्तृत विवरण र भाडादर कार्यान्यनका विषयमा सम्बन्धित पक्षले पालना गर्नुपर्ने शर्तहरुको विस्तृत विवरण यस विभागको वेबसाइट www.dotm.gov.np मा राखिएको छ । यस सम्बन्धमा कुनै दुविधा वा गुनासो भएमा वा कसैले तोकिएको भन्दा बढी भाडा रकम लिएमा निस्सा सहित यातायात व्यवस्था विभागको फ्याक्स नं. ४४७४९२२, टेलिफोन नम्बर ४४७९६९० र info@dotm.gov.np वा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हेलो सरकार कक्षको टोल फ्रि नम्बर १११११ मा सम्पर्क गरी वा SMS पठाई फ्याक्स नम्बर ११००, email: 1111@opmcm.gov.np, वा नजिकको जिल्ला प्रशासन कार्यालय वा ट्राफिक प्रहरी वा प्रहरी कार्यालयको टोल फ्रि नम्बर १०१ र १०३ वा यातायात व्यवस्था कार्यालयमा जानकारी गराउनुहुन तथा उल्लिखित निकायहरुले पनि आवश्यक सहयोग गरिदिनुहुन यस यातायात व्यवस्था विभाग हार्दिक अनुरोध गर्दछ ।